कार्यक्रम :महिला , बालबालिका तथा समाज कल्याण मन्त्रालयका राज्यमन्त्री अरबिन्द शाहद्वारा राष्ट्रिय महिला आयोगमा भेटघाट कार्यक्रम

मिति : २०६८/०९/२९

मिति २०६८/०९/२९ मा महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालयका राज्यमन्त्री अरबिन्द शाह भेटघाटको निम्ति राष्ट्रिय महिला आयोग पाल्नुभएको थियो । उहाँको भेटघाटको उद्देश्य आयोगका लक्ष्यहरू, विभिन्न गतिविधिहरू र चुनौतीहरूका बारेमा जानकारी लिनु थियो ।

उक्त समयमा महिला आयोगका सचिव डा. बद्री पोखेलले आयोगको उद्देश्य, रणनीतिहरू, आयोगको काम, कर्तव्य र अधिकारका साथै क्रियाकलापहरू र चुनौतिहरूका बारेमा जानकारी दिनुभयो । उहाँले आयोगको मुख्य काम अनुगमन भएकोले त्यसको लागि विशेष जोड दिइरहेको, बोक्सी आरोप सम्बन्धी विधयेक पारित गर्न महिला, बालबालिका तथा समाज कल्याण मन्त्रीज्यूलाई ज्ञापन पत्र बुझाएको र हिंसामा परेका महिलाहरूकालागि पचहत्तरै जिल्लामा निःशुल्क कानूनी सहयोगका निम्ति नेपाल बार एसोसिएसनसँग समन्वय गरिएको बारेमा जानकारी दिनुभयो । उहाँले महिला आयोग केन्द्रमा मात्र सिमित रहेको, आफ्नै भवन नभएको, स्रोत साधान र बजेट अपर्याप्त भएको जस्ता चुनौतीहरूको बारेमा पनि राज्यमन्त्री समक्ष गुनासो गर्नुभयो ।

आयोगका सदस्य मोहना अनसारीज्यूले राज्यमन्त्री समक्ष बोक्सी आरोप सम्बन्धी बिधयेक मन्त्रालयबाट छिटो भन्दा छिटो पारित गर्नका निम्ति अनुरोध गर्नुभयो । त्यसैगरी, आयोगका अध्यक्ष शेष चाँदताराज्यूले महिला आयोगलाई संवैधानिक निकाय बनाउनुपर्ने र सामजिक कुरीतिहरू जस्तैः दाइजो प्रथा, बोक्सी प्रथाको निराकरण गर्न राज्यतर्फबाट विशेष पहल हनुपर्ने बताउनुभयो ।

अन्त्यमा, माननीय राज्यमन्त्रीज्युले आफ्नो भनाई राख्दै राज्यले महिलासँग सम्बन्धित मुद्दाहरूमा निकै संवेदनशील हनुपर्ने र महिलालाई दमन गर्नका निम्ति समाजले बनाएको बोक्सी प्रथा र छाउपडी प्रथाको जरैदेखि उन्मूलन गर्नुपर्ने कुरा व्यक्त गर्नुभयो ।